मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
[illegible], गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिका ९१औं बैठक

आज मिति २०८२/११/१७ गतेका दिन यस मालिका गाउँपालिकाका अध्यक्ष देविराम अर्याल ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरूको सम्बन्धमा व्यापक छलफल गरी निर्णयहरू पारित गरियो ।

उपस्थिति:

| क्रम संख्या | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री देविराम अर्याल | |
| २ | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | |
| ३ | वडा अध्यक्ष | श्री दिपक श्रीस | |
| ४ | वडा अध्यक्ष | श्री विनोद श्रीस | |
| ५ | वडा अध्यक्ष | श्री ज्ञान कुमार बुढा | |
| ६ | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | |
| ७ | वडा अध्यक्ष | श्री रेखा कुमार जि.सी. | |
| ८ | वडा अध्यक्ष | श्री दिपक भण्डारी | |
| ९ | वडा अध्यक्ष | श्री हिरा बहादुर कार्की | |
| १० | वडा अध्यक्ष | श्री सूर्य बहादुर घर्ती क्षेत्री | |
| ११ | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | |
| १२ | कार्यपालिका सदस्य | श्री तुलविर कामी | |
| १३ | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४ | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | |
| १५ | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६ | कार्यपालिका सदस्य | श्री कमल सुनार | |
| १७ | कार्यपालिका सचिव | श्री विवेक खनाल | |

आमन्त्रित सदस्यहरू:

१८. गणेश प्रसाद न्यौपाने प्रशासन शाखा प्रमुख
१९. हिमा घर्ती (ले.पा.)
२०. डिल्लीराम [illegible]

प्रस्तावहरु:-

१.विपद पूर्व तयारीका लागि आवश्यक सामग्री खरिद सम्बन्धमा,

२.सुरक्षित आवास कार्यक्रम कार्यान्वयन सम्बन्धमा,

३.संघीय सशर्त कार्यक्रम अन्तरगत पशुपंन्छी तथा मत्स्य विकाससँग सम्बन्धित कार्यक्रम माग सम्बन्धमा

४.मालिका गाउँपालिका स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९को संशोधन सम्बन्धमा

५.सामाजिक सुरक्षा भत्ता नविकरण गर्नको लागि EYE RIX डिभाइस खरिद सम्बन्धमा,

६.खान्दुला साउनेपानी काफलपाटा सडक निर्माणको कार्य सम्बन्धमा,

७. पुरानो प्रशासकीय भवनलाई आवासिय भवनको रुपमा निर्माण गर्ने सम्बन्धमा,

८.फूलवारी चोरकाटे अर्जै नेटा भिमगिठे सडकको निर्माण अवधि थप सम्बन्धमा,

९.मनसुनजन्य विपद प्रभावितहरुको आवास निर्माणको दोश्रो किस्ता रकम माग तथा भुक्तानी सम्बन्धमा,

१०.अघिल्लो गाउँकार्यपालिका वैठकमा भए गरेका निर्णयहरुको समिक्षा सम्बन्धमा,

११.खर्च सार्वजनिक तथा अनुमोदन सम्बन्धमा,

निर्णयहरु:-

| | | |
|---|---|---|
| १. | योजना/प्राविधिक शाखा | मालिका गाउँपालिका विपदका दृष्टिले उच्च जोखिममा रहेको, प्रत्येक वर्ष चट्याङ्ग, हावाहुरी, वाढी पहिरो, जंगली जनावरको आक्रमण, असिना, आगलागी, खण्ड वृष्टि,अति वृष्टी लगायतका मनसुनजन्य विपदबाट धनजनको नोक्सानी हुँदै आएको, गाउँपालिकाबाट राहत स्वरुप नगद तथा विभिन्न सामग्रीहरु विपद प्रभावितहरुलाई उपलब्ध गराउँदै आएको र यस वर्षको लागि आवश्यक विपद पूर्व तयारीका सामग्रीहरु खरिद गर्ने निर्णय गरी विपद शाखालाई आवश्यक तयारीको लागि निर्देशन दिने निर्णय गरियो। |
| २. | सुरक्षित आवास शाखा | चालु आ.ब.२०८२/०८३ मा खरका छाना विस्थापन कार्यक्रम अन्तरगत आ.ब. २०८१/०८२ मा सम्झौता भएका लाभग्राहीलाई भुक्तानी दिनको लागि रु.३५ लाख रकम विनियोजन भएको सोको कार्यान्वियनका लागि सुरक्षित आवास शाखा प्रमुख श्री सुरेश अर्याललाई निर्देशन दिने र कुनै समस्या भए प्राविधिक तथा कार्यालय प्रमुखबाट सहजिकरण गर्ने सम्बन्धमा निर्णय गरियो। |
| ३. | | यस गाउँपालिकाको लागि संघीय सशर्त कार्यक्रम अन्तरगत पशुपंन्छी तथा मत्स्य विकाससँग सम्बन्धित तपसिलका कार्यक्रमहरु भेटेनरी अस्पत्ताल तथा पशु सेवा विज्ञ केन्द्र तम्घास गुल्मीमा माग गर्ने निर्णय गरियो।<br>तपसिल:-<br>१.आमस्मिक/महामारी रोग नियन्त्रण कार्यक्रम |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | २.बाखा प्रवर्द्धन कार्यक्रम<br>३.प्रयोगशाखा निर्माण कार्यक्रम<br>४.कृतिम गर्भाधान कार्यक्रम<br>५. नश्ल सुधार कार्यक्रम(रागो/वोका)<br>६.उत्कृष्ट कृषक सम्मान कार्यक्रम<br>७.पशपंक्षीलाई औषधी तथा उपकरण खरिद कार्यक्रम<br>८.मत्स्य विकास कार्यक्रम |
| ४. | स्वास्थ्य शाखा | मालिका गाउँपालिकाले २०७९ सालमा स्वीकृत गरी जारी गरेको मालिका गाउँपालिका स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९ अनुसार स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापनमा सवै कार्यहरु गर्न नीतिगत कठिनाई भएकोले उक्त कार्यविधिमा आवश्यक संसोधन गरी पेश गर्नको लागि प्रशासन शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो। |
| ५. | सा.सु. शाखा | सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र नियन्त्रण गर्ने उदेश्यका साथ नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको प्रत्येक वर्ष नविकरण गर्दै आएको र नविकरणको लागि वायोमेट्रिक गर्नु पर्ने भएको हुँदा वायोमेट्रिकका लागि आवश्यक EYE RIX डिभाइस तत्काल खरिद गर्ने निर्णय गरियो। |
| ६. | योजना शाखा | आ.ब.२०८२/०८३ को गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस गाउँपालिकाको वडा नं.-५ छापहिलेमा रहेको खान्दुला साउनेपानी काफलपाटा सडक निर्माणको लागि मालिका गाउँपालिकाको वित्तिय समानीकरण अनुदान र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को लागत सहभागितमा निर्माण गर्ने गरी रु.१० लाख वजेट विनियोजन भएको र उक्त सडकको कार्य कोटेशन विधिबाट गर्ने सम्बन्धमा छलफल गरी सोको कार्यान्वयनका लागि यथासक्य छिटो प्रकृया अगाडी वढाउन योजना तथा प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो। |
| ७. | योजना शाखा | पुरानो प्रशासकीय भवन खाली भएको र कर्मचारीहरुलाई आवास नभएको हुँदा उक्त भवनलाई आवासको रुपमा प्रयोग गर्ने र सो को लागि आवश्यक पूर्वाधार तयार/निर्माणको लागि हिउँदे अधिवेशनबाट रकमान्तर गरी रकम विनियोजन भएको हुँदा उक्त योजनाको कार्य कोटेशन विधिबाट कार्यान्वयन गर्ने गराउने सम्बन्धमा निर्णय गरी सो को कार्य प्रकृया अगाडी वढाउन प्राविधिक तथा योजना शाखालाई निर्देशन दिने निर्णय गरियो। |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ८. | प्राविधिक शाखा | यस गाउँपालिकामा रहेको फूलवारी चोरकाटे अर्जै बोम नेटा भिमगिठे सडकको निर्माण कार्यको लागि ईविडिङ्ग(OMRM-GUL-W-NCB-03/082/083) मार्फत ठेक्का खोलिएकोमा श्री आश्री अस्मिता कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. धुर्कोट-५ गुल्मीले पेश गरेको दररेट सारभूत रुपमा प्रभावग्राही भएकोले उक्त दररेट स्वीकृत मिति २०८२/०७/१२ गतेका दिन सम्झौता भएको मितिले ५ महिना भित्र कार्य सम्पन्न गर्ने गरी द्विपक्षिय सम्झौता भएकोमा निर्माण कंपनीले मिति २०८२/११/०८ गतेका दिन सोही अत्यधिक मूल्य वृद्दि तथा इन्धन अभाव तथा संघीय चुनावको कारण तोकिएको समयमा सडक निर्माणको कार्य सम्पन्न गर्न समस्या भएकोले समयमा कार्य सम्पन्न गर्न नसिकएकोले मिति २०८३/०३/१२ गते सम्मको अवधिका लागि म्याद थप गरिपाउँ भनि निवेदन पेश गरेकोमा प्राविधिक शाखा प्रमुखको राय अनुसार चुनाव तथा इन्धनमा भएको मुल्य वृद्विले निर्माणमा समस्या भएकोले निवेदकको माग निवेदन बमोजिम २०८३/०३/१२ गते सम्मको लागि निर्माण कार्यको समयावधी / म्याद थप गर्ने निर्णय गरियो। |
| ९. | विपद शाखा | यस गाउँपालिकामा तपसिल अनुसार रहेका मनसुनजन्य विपद प्रभावित नागरिकहरुले मनसुनजन्य विपद प्रभावित निजि आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधि,२०८१ बमोजिम छनोट भई सम्झौता पश्चात पहिलो किस्ता रकम प्राप्त गरी आवान निर्माण गरिरहेको हुँदा निजहरुलाई दोश्रो किस्ता वापतको रकम भुक्तानी/निकासाका लागि जिल्ला विपद व्यवस्थापन समिति मार्फत विपद जोखिम न्यूनीकरण प्राधिकरणमा माग तथा सिफारिस गर्ने निर्णय गरियो।<br>तपसिल:-<br>१.मेहरसिङ श्रीस<br>२.कुन्ती कामी<br>३.विर वहादुर कामी<br>४.हिमा कामी<br>५.माया वि.क.<br>६.भिम वहादुर कामी |
| १०. | प्रशासन शाखा | गाउँकार्यपालिका वैठकले निर्णय गरेका विषयहरुको कार्यान्वयनका सम्बन्धमा छलफल/समिक्षा गरी अघिल्लो गाउँ कार्यपालिका वैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था सन्तोषनक रहेको सम्बन्धमा निर्णय गरियो। |
| ११. | लेखा शाखा | यस गाउँपालिकाको आ.ब.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत २०८२ माघ महिनामा संचालन तथा पूँजिगत शिर्षकमा विनियोजित रकमबाट रु.१,७३,३९,५८२/- रुपैयाँ खर्च भएकोले उक्त खर्च रकम सार्वजनिक गरी अनुमोदन गर्ने निर्णय गरियो। |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत